श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।३।८ गते।

बैठक बसेको समयः दिउसो ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |

१. श्री चन्द्रिका थापा – कार्यालय सहयोगी

मिति २०८१।३।८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | आर्थिक ऐन गाउँसभामा पेस गर्ने सम्बन्धमा। | राजश्व शाखा |
| २. | वालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा। | |
| ३. | पोषणमैत्री स्थानीय शासन सम्बन्धी बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | |
| ४. | तीनपाटन गाउँपालिका स्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति पारित गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ५. | लेखा समितिको निर्णय अनुमोदन गरी सभामा पेस गर्ने सम्बन्धमा। | लेखा समिति |
| ६. | म्याद थप गर्ने सम्बन्धमा। | पुर्वाधार शाखा |
| | विविध। | सबै। |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८१।०३।०२ गते बसेको बैठकले आ व २०८१।०८२ को लागि निर्धारण गरिएको करको दर सहितको आर्थिक विधेयक २०८१ लाई अनुमोदन गरी आवश्यक संशोधन सहित गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको वडा नं. १ ले बालमैत्री वडा घोषणा गर्न आवश्यक सम्पूर्ण सूचकहरु पुरा गरी जि.स.स. को अनुगमनबाट समेत अनुमति प्राप्त गरिसकेकोले मिति २०८१।०३।१५ गतेका दिन बालमैत्री वडा घोषणा गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८० बैशाख २७ र २८ गते यस तीनपाटन गाउँपालिकाको सभाहलमा जनप्रतिनिधिहरु र शाखा/उपशाखा प्रमुख कर्मचारीहरुको उपस्थितिमा सञ्चालन गरिएको पोषणमैत्री स्थानीय शासन सम्बन्धी बैठकको निर्णयानुसार यस गाउँपालिकाको वडा नं ५, १० र ११ लाई पहिलो चरणमा पोषणमैत्री वडा घोषणा गर्नका लागि छनौट गर्ने र तुरुन्त कार्य प्रारम्भ गर्ने, गराउने भन्ने निर्णयलाई यस गाउँकार्यपालिकाबाट अनुमोदन गरिएको छ।

निर्णय नं. ४



CamScanner

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको तीनपाटन गाउँपालिका स्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति पारित गरी गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको लेखा समितिले पेस गरेको चालु आ.व. २०८०।०८१ मा कायम भएको देहायका बेरुजु नियमित गर्न कार्यपालिकामा पेस भएकोले उक्त बेरुजु नियमित गर्ने अनुमोदन गरी गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

क. म. ले. प. प्रतिवेदनको दफा नं.२५ मा रहेको कर्मचारी व्यवस्था अनियमित देखिएको बेरुजु रकम रु.१,३०,८४,९५५।- सम्बन्धमा तीनपाटन गाउँपालिकाको विकट भौगोलिक अवस्थाका कारण प्रत्येक वडामा गएर सेवा प्रवाह गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको र गाउँपालिकाको आफ्नो श्रोतले तलव भत्ता व्यवस्थापन गर्न नसकिएकोले समानीकरण अनुदानको रकम खर्च भएकोमा यसलाई क्रमिक रुपमा घटाउदै लगिनेछ। आगामी दिनमा दरबन्दी अनुसारको जनशक्तिलाई लोकसेवा आयोगबाट माग गरी परिपूर्ति गरिनेछ। उक्त कार्यले सरकारी हानी नोक्सानी नपुगेकोले नियमित गर्न गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ख. म. ले. प. प्रतिवेदनको दफा नं. ४७ मा रहेको सवारी साधन अनियमित देखिएको बेरुजु रकम रु. १६,२०,०००।- सम्बन्धमा तीनपाटन गाउँपालिका आ.व २०७४/७५ वाट प्रयोग भएको गाडी भाडा कै दररेट प्रयोग गरिएको र प्रतिस्पर्धामा जाँदा पनि अहिले प्रयोग गरिएको दररेट भन्दा बढी रकम आउने र पुरानै दररेटलाई प्रयोग गर्दा सरकारी हानी नोक्सानी नभएको साथै अहिलेको अवस्थामा कार्यालयमा सवारी साधनको व्यवस्था भएको र आगामी दिनमा सवारी साधन भाडामा लिन परेको खण्डमा सूचना प्रकाशन गरी लिइने प्रतिवद्धता सहित गाउँसभामा नियमित गर्न पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ग. म. ले. प. प्रतिवेदनको दफा नं. ५६ मा रहेको सहभागी यातायात अनियमित देखिएको बेरुजु रकम रु. १९,४००।– सम्बन्धमा संघीय सरकारको कार्यक्रम संचालन निर्देशिका, २०७७ मा व्यवस्था भएको यातायात खर्च रकम रु. २००।- यस तीनपाटन गाउँपालिकाको सन्दर्भमा भौगोलिक विकटताका कारण पालिका आउनका लागि वडाहरु, स्वास्थ्य संस्थाहरुबाट सार्वजनिक सवारी पर्याप्त नरहेको र भाडा दर पनि विकटताको कारणले नर्म्सभन्दा बढी रहेको हुँदा न्यूनतम रकम प्रदान गरिएको हो। आगामी वर्षमा गाउँपालिकाकै कार्यक्रम संचालन निर्देशिकाको निर्माण गरी सही व्यवस्थापन गरिने प्रतिवद्धता सहित बेरुजु नियमित गर्न गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।



CamScanner

घ. म. ले. प. प्रतिवेदनको दफा नं. ६३ मा रहेको इन्धन सुविधा अनियमित देखिएको बेरुजु रकम रु. ४,९९,९४६।— सम्बन्धमा कार्यालयमा इन्धन प्रणाली व्यवस्थापनको लागि पर्याप्त जानकारी नभएको हुदा गर्न नसकिएको र गाउँपालिकाबाट आगामी आ.व २०८१/८२ को श्रावण महिना देखि नै सहि र उचित तरिकाबाट इन्धनको लगत राखिने र जुनसुकै अवस्थामा तथ्याङ्क उपलब्ध गराउनको लागि सक्षम हुने गरी कार्य गर्ने प्रतिबद्धता सहित बेरुजु नियमित गर्न गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ङ. म. ले. प.प्रतिवेदनको दफा नं. ६६ मा रहेको समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता अनियमित देखिएको बेरुजु रकम रु. १,४५,२९,९७७।— सम्बन्धमा गाउँपालिकाका विधालयहरुमा प्रा.वि.शिक्षकको दरवन्दीका भरमा प्रस्तावित मा.वि. सञ्चालन गर्नुपर्ने वाध्यात्मक अवस्थामा शिक्षण सिकाइको लागि शिक्षक थप गरी शिक्षा क्षेत्रमा गुणस्तर प्रदान गर्नको लागि गाउँपालिकाको आन्तरिक श्रोत नभएकोले गर्दा समानीकरण अनुदानबाट पारिश्रमिक सुविधा दिइएको सन्दर्भमा जुन श्रोतबाट खर्च लेखांकन गरिएता पनि सरकारको सरकारी सम्पत्ती हानी नोक्सानी नभएको तथापि आगामी दिनबाट गाउँ शिक्षकहरुलाई पारिश्रमिकको व्यवस्था गर्दा आन्तरिक श्रोतबाट नै व्यवस्थापन गर्न पहल गरी नियमानुसार बेरुजु नियमित गर्न गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

च. म. ले. प. प्रतिवेदनको दफा नं. ६७.१ मा रहेको विधुतीय खरिद प्रणाली प्रयोग नभएको अनियमित देखिएको बेरुजु रकम रु. १,००,००,०००।— सम्बन्धमा नमुना विद्यालयको कार्यविधिअनुसार रकम विधालयलाई निकासा गर्नुपर्ने भएकोले गाउँपालिकाबाट रकम निकासा गरिएको तथा विद्यालयमा विधुतीय खरिद प्रणालीको लागि दक्ष जनशक्तिको व्यवस्था नभएकोले गर्दा आगामी दिनमा यस्ता प्रकारका ठेक्का गाउँपालिकाबाट नै व्यवस्थापन गरी विद्युतीय खरिद प्रणाली कायम गर्ने गराउने गरी उक्त बेरुजु नियमित गर्न गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

छ. म. ले. प. प्रतिवेदनको दफा नं. ६८ मा रहेको अनुगमन भत्ता अनियमित देखिएको बेरुजु रकम रु. १,०८,०००।— सम्बन्धमा पशु शाखाबाट कृतिम गर्भाधानको लागि नाइट्रोजन लिनको लागि गाडी भाडामा लिइएको जुन कार्यविधि अनुसार नै कार्य सम्पादन भएको र राज्यलाई कुनै हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गर्न गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं २ को वडा कार्यालय भवन र सिक्रे सिसौबोट झोलुङ्गे पुल निर्माण विविध कारणले समयमा नै सम्पन्न गर्न नसकिएकोले म्याद समाप्त भएको मितिले ६ महिनाको लागि कार्यसम्पन्नको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**बिबिधः**

<u>आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।</u>



CamScanner